**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

# प्रेस वक्तव्य - १६ फेब्रुअरी २००६

---

**इयान मार्टिन**

**नेपालमा मानवअधिकार उच्चायुक्तका प्रतिनिधि**

नेपालमा मानवअधिकारको स्थिति र मानवअधिकार उच्चायुक्तको कार्यालयका गतिविधिहरू समेटिएको मानवअधिकार उच्चायुक्तको प्रतिवेदन तपाईहरूलाई सार्वजनिक गर्न पाउँदा खुशी लागेको छ । यो प्रतिवेदन उहाँले मार्च १३ देखि अप्रिल २१ सम्म हुने मानवअधिकार आयोगको ६२ औं अधिवेशनमा पेश गर्नुहुनेछ । यो प्रतिवेदन जेनेभामा पनि आज सार्वजनिक हुँदैछ ।

प्रतिवेदनले ओएचसिएचआर-नेपालले जनवरीको अन्त्यसम्म सम्पन्न गरेका अनुगमन र आफ्ना गतिविधिहरूलाई प्रतिविम्बित गर्दछ । प्रतिवेदनलाई तीनवटा मुख्य भागमा विभाजित गरिएको छ : पहिलोले द्वन्द्वको सन्दर्भमा राज्यअधिकारीहरू र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बाट भएका उल्लङ्घनहरूलाई सम्बोधन गरेको छ ; दोस्रोले प्रजातान्त्रिक अधिकारहरूप्रति सम्मानका मुद्दाहरूलाई सम्बोधन गरेको छ ; र तेस्रोले लामो समयदेखि थाती रहेका मानवअधिकार मुद्दाहरूलाई छोएको छ । म अहिले प्रतिवेदनका मुख्य निष्कर्षहरूमा जोड दिनुका साथै प्रतिवेदन तयार भएयता आयोगका लागि महत्व राख्ने विकासक्रमहरूबारे उल्लेख गर्न चाहन्छु ।

द्वन्द्वसँग सम्बन्धित दुर्व्यवहारहरूको प्रवृत्तिलाई प्रभावित पार्ने सबैभन्दा महत्वपूर्ण तत्व नेकपा (माओवादी)द्वारा घोषित चार महिना लामो एकपक्षीय युद्धविराम थियो । यो अवधिमा सबै किसिमका हत्यामा निकै कमी आएको देखियो, यद्यपि सुरक्षाफौजबाट उल्लङ्घन भएजस्तै नेकपा (माओवादी)बाट अपहरण, डर-धम्की र जबरजस्ती चन्दा असुलीलगायत अन्य उल्लङ्घनका घटनाहरू जारी रहे । सन् २००५ मा बेपत्ताका घटनाहरूमा निकै कमी आयो, यद्यपि अघिल्ला वर्षहरूदेखि बाँकी रहेका बेपत्तासम्बन्धी धेरै मुद्दाहरूलाई प्रष्ट्याउने राज्यको निरन्तर दायित्व भएको कुरा मैंले सकेसम्म जोड दिएर भन्नै पर्छ ।

यो नेपालका जनताका लागि दुःखको कुरा हो कि पूर्णस्तरको द्वन्द्व नेपालमा पुनः सुरु भएको छ । एकपक्षीय युद्धविरामको अन्त्य पछि उच्चायुक्त लुइस आर्वरले द्वन्द्वका पहिलेका चरणहरूमा झैं अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार मापदण्डहरूको घोर उल्लङ्घन हुनुहुँदैन् भनेर जोड दिनुभएको थियो । द्वन्द्वको जुनसुकै पक्षमा रहेको भए पनि उल्लङ्घनकर्ताहरूलाई जवाफदेही बनाइनुपर्छ भनेर उहाँले घोषणा गर्नु भएको थियो र यो कार्यालयले दुवै पक्षका व्यवहारको नजिकबाट अनुगमन गरिरहेको छ । प्रमुख कारबाही र भिडन्त भएका जिल्लाहरूमा ओएचसिएचआरले स्थलगत अनुसन्धानहरू सम्पन्न गरेको छ । किचनास ( स्याङ्जा जिल्ला), तानसेन (पाल्पा जिल्ला), फापरबारी (मकवानपुर जिल्ला) र पनौती (काभ्रेपलाञ्चोक जिल्ला)मा भएका भिडन्तहरूबारे हामीले गरेका अनुसन्धानहरूबाट यी प्रत्येक भिडन्त अति घनाबस्ती भएका ठाउँहरूमा भएको पायौं जसले गर्दा सर्वसाधारणहरू गम्भीर खतरामा पर्न गए र लडाकुहरूले विद्यालयलगायत सर्वसाधारणका घरहरू प्रयोग गरे । यसले फौजी

कारबाहीबाट उत्पन्न हुने खतराबाट गैरसैनिक व्यक्तिहरूलाई सुरक्षा गर्ने अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रावधानलाई उल्लङ्घन गर्दछ । हाम्रा अनुसन्धानमा उल्लेख गरिएका अन्य उल्लङ्घनहरूमा सानो सङ्ख्यामा गैरसैनिक नागरिकहरूको हत्या, नेकपा (माओवादी)बाट सर्वसाधारणको अपहरणको शृङ्खला जसमध्ये अधिकांशलाई छोडी सकिएको छ र विद्यालय तथा सार्वजनिक भवनहरूको विनास वा क्षति पर्दछन् । हवाई गोलाबारीलगायत सुरक्षाफौजको अन्धाधुन्ध कारबाही र विस्फोटक पदार्थहरू राख्ने वा तिनलाई त्यतिकै छाडेर जानाले नेकपा (माओवादी)भित्र लडाकुको रूपमा काम गर्नेहरूलगायत खासगरी बालबालिकाहरू जोखिममा परेका छन् ।

तैपनि हामीले सर्वसाधारणहरूको हताहति कम गर्न दुवै पक्षबाट भएका धेरै सकारात्मक पहलहरूमाथि ध्यान दिएका छौं । उदाहरणको लागि, स्याङ्जा र पनौतीमा शाही नेपाली सेनाले नेकपा (माओवादी)का आक्रमणहरूको जवाफी कारबाहीमा स्पष्ट धैर्य प्रदर्शन गऱ्यो । यी भिडन्तहरूमा कुनै पनि पक्ष जानाजान हत्यामा संलग्न नभएका र नेकपा (माओवादी)ले सुरक्षाफौजका पक्राउ गरेका सदस्यहरूलाई तत्कालै छोडेको कुरा पनि ओएचसिएचआर उल्लेख गर्दछ । थानकोट प्रहरी थानाभित्र पाँच प्रहरी जानाजान मारिए भन्ने आरोपहरूको सम्बन्धमा ओएचसिएचआरले यसै हो भनेर ठोकुवासाथ तथ्यहरू स्थापित गर्न सकेन, तर निसशस्त्र प्रहरीलाई लक्षित गर्ने आफ्नो इच्छा नभएको कुरा नेकपा (माओवादी) नेतृत्वले मलाई आश्वासन दिएको छ ।

प्रजातान्त्रिक अधिकारसम्बन्धी मुद्दाहरूको सम्बन्धमा गत वर्ष मे महिनाको सुरुमा हाम्रो कार्यालय खोल्दा फेब्रुअरी १, २००५ मा घोषणा गरिएको सङ्कटकाल भर्खरैमात्र हटाइएको थियो र धेरै राजनीतिक तथा नागरिक समाजका प्रतिनिधिहरूलाई सार्वजनिक सुरक्षा ऐन (Public Security Act) अन्र्तगत अझै थुनामा राखिएको थियो । अन्ततोगत्वा सबैलाई छाडियो तर सञ्चार अध्यादेशमार्फत अभिव्यक्ति स्वतन्त्रता, गैरसरकारी संस्थाहरूमाथि लादिएको आचारसंहितामार्फत सङ्गठन गर्ने स्वतन्त्रता, र शान्तिपूर्वक भेला हुने स्वतन्त्रतामाथि लगाइएका बन्देजहरूबारे हाम्रो सरोकार रहिरह्यो । शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारको उपभोगलाई रोक्ने माध्यमका रूपमा धेरै नगरपालिकामा पूर्ण प्रतिबन्ध लगाइयो र यस्तो प्रतिबन्ध काठमाडौंमा जनवरी २०, २००६ मा हुने विरोध कार्यक्रमलाई रोक्नका लागि कर्फ्यु, निषेध र आम गिरफ्तारीमा टुङ्गिन पुग्यो । साथै, यस्ता कदमहरू देशभरी फेब्रुअरी ८ सम्म कायमै राखिए । थुनुवाहरूको ठुलो हिस्सालाई शान्तिपूर्वक भेला हुने स्वतन्त्राको अधिकार उपभोग वा राजनीतिक अभिमत व्यक्त गरेबापत स्वैच्छाचारी ढङ्गले पक्राउ गरिएका छन् । केहीलाई चार सातादेखि असन्तोषजनक अवस्थामा थुनेर राखिएको छ । अदालतमा ल्याइएका हरेक मुद्दामा उनीहरूको थुना गैरकानुनी भएको पाइएको छ र जसको विरुद्ध हिंसामा संलग्न भएको कुनै प्रमाण छैन् ती सबैको रिहाइका लागि अधिकारीहरूले अदालतको आदेश कुरेर बस्नु हुँदैन् ।

ओएचसिएचआरले ठूलो सङ्ख्यामा प्रदर्शनहरूको अनुगमन गरेको छ, र कहिलेकाहिँ प्रहरीले उच्चतहको धैर्य कायम गरेको स्वीकार्दछ । तर अत्यधिक बल प्रयोग भएका गम्भीर घटनाहरू पनि छन् र केही घटनामा त हिरासतमा लिइएकाहरूलाई यातनासरह कुटपिट गरिएको छ । सबभन्दा गम्भीर कुरा फेब्रुअरी ८ मा शाही नेपाली सेना (शानेसे)ले घोराही (दाङ जिल्ला)मा प्रदर्शनकारीहरूमाथि चलाएको गोली लागि एक प्रदर्शनकारीको मृत्यु भयो । ओएचसिएचआर परिस्थितिको अनुसन्धान गरिरहेको छ र यसले गृहमन्त्रालय, शानेसे र प्रहरीबाट आधिकारिक अनुसन्धानबारे जानकारीको माग गरेको छ । आवश्यक गम्भीरता तथा स्वतन्त्रतापूर्वक अनुसन्धानहरू भइरहेको कुरामा हामीलाई विश्वास छैन् ।

दुईजना चुनावी प्रत्याशीहरूको हत्या, प्रत्याशीहरूमाथि वा तिनका घरमा भएका आक्रमणहरूमा अन्यको मृत्यु वा घाइते हुनु र माओवादीद्वारा घोषित बन्दको बेला भएको एक ट्याक्सी चालकको हत्या सबैको तीव्र भर्त्सना गरिनुपर्छ । कुनै पनि निसशस्त्र व्यक्तिहरूमाथि भौतिक कारबाही गर्नु आफ्नो पार्टीको नीतिविरुद्ध हो भन्ने पुष्टि गर्न मैले गरेको आह्वानको सार्वजनिक रूपले जवाफ दिँदै नेकपा (माओवादी)का पार्टी प्रवक्ताले यस प्रकृतिका कतिपय घटनाहरूको पार्टीले अनुसन्धान थालिसकेको बताएका थिए । यस्ता अनुसन्धानहरूको नतिजा र दोषीहरूमाथि गरिएको कारबाही सार्वजनिक गर्न म आफ्नो आह्वान दोहोऱ्याउन

चाहन्छु । नेकपा (माओवादी)द्वारा अपहरण गरी थुनिएका केहीलाई मुक्त गरिएकोमा म त्यसको स्वागत गर्दछु तर सूर्य नेपालका तीन कर्मचारी, जसलाई अखिल नेपाल ट्रेड युनियन महासङ्घ-क्रान्तिकारीले बन्धक बनाएको स्वीकारेको छ, सहित सबैको रिहाइको आह्वान गर्दछु ।

ओएचसिएचआर-नेपालको उपस्थितिले नेपालको मानवअधिकार स्थितिमा सकारात्मक प्रभाव पारेको छ कि छैन् भनी मलाई प्रायः सोध्ने गरिन्छ । राज्यअधिकारीहरू तथा नेकपा (माओवादी)सँगको हाम्रो सहयोग कार्यालय स्थापना भएयताको छोटो अवधिमा निश्चय नै विकसित भएको छ । सैनिक ब्यारेकमा भएका थुनुवाहरू वा बेपत्ता पारिएकाहरूको सङ्ख्यामा कमी तथा थुनुवाहरूको केन्द्रीय पञ्जिका खडा गर्ने र यातनाविरुद्ध कानुन बनाउने प्रतिबद्धताहरू सकारात्मक विकासहरू हुन् तर पीडकहरूको दण्डहीनतालाई अन्त्य गर्न पारदर्शी अनुसन्धान, अभियोजन (Prosecution) र सजाय अत्यावश्यक छन् । नेकपा (माओवादी) नेतृत्वले हामी र अन्यलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्नुका साथै मानवअधिकारको सम्मान गर्नेछौं भनेर थप प्रतिबद्धता व्यक्त गरेका छन् तर आफ्ना कार्यकर्ताहरूले यसलाई व्यवहारमा उतार्ने छन् भन्ने कुराको उनीहरूले सुनिश्चित गर्नुपर्छ ।

हाम्रो प्रभावबारे प्रश्नको सबैभन्दा राम्रो उत्तर नेपालीहरूले नै दिनेछन् र धेरै नेपालीहरूले मलाई भन्छन् कि हाम्रो उपस्थिति नभएको भए उल्लङ्घनहरू अझ बढी चर्का हुन्थे होलान् । तर राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार गैससहरू, नेपाल बार एसोसिएसन र अन्य नागरिक समाजका सङ्गठनहरूजस्ता साझेदारहरूको कामबाट हामी आफ्नो कामलाई अलग गर्न सक्दैनौं । यो प्रतिवेदन समय अवधिमा मानवअधिकारको लागि कार्य गर्ने सबैप्रति सम्मान व्यक्त गर्दै आउँदो अवधिमा उनीहरूका प्रयासहरूले अझ सुधार ल्याउने आशा गर्दछु । उच्चायुक्तले आफ्नो प्रतिवेदनको अन्त्यमा भन्नु भएको छ मानवअधिकारका लागि पूर्ण सम्मान निर्माण गर्ने सबभन्दा राम्रो आधार शान्ति नै हुने छ जसको चाहना नेपालले निरन्तर गर्दै आएको छ ।

&&&&&&&&

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोनः ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइलः ९८५१०१४२६३; फ्याक्सः ४६७ ०७१२*
*इमेलः* ***kdwyer.ohchr@undp.org***